**बैठक संख्याः २/२०७९/०८०**

**मितिः २०७९/०५/१८**

**समयः बिहान ११:०० बजे**

**स्थानः भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक कक्ष**

भूमे गाउँपालिकाका अध्यक्ष श्री **होम प्रकाश श्रेष्ठ**ज्यूको अध्यक्षता र देहायका कार्यपालिका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी पेश भएका प्रस्तावहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थितिः**

| क्र.सं. | दस्तखत | नाम थर | पद | कार्यालय |
|---|---|---|---|---|
| १ | | होम प्रकाश श्रेष्ठ | अध्यक्ष | गाउँ कार्यपालिकाको कार्यालय |
| २ | | सविना बुढा | उपाध्यक्ष | गाउँ कार्यपालिकाको कार्यालय |
| ३ | | मनकाजी पुनमगर | वडा अध्यक्ष | १ नं. वडा कार्यालय |
| ४ | | नारायण पुनमगर | वडा अध्यक्ष | २ नं. वडा कार्यालय |
| ५ | | प्रशुराम बुढा | वडा अध्यक्ष | ३ नं. वडा कार्यालय |
| ६ | | श्याम प्रसाद बुढा | वडा अध्यक्ष | ४ नं. वडा कार्यालय |
| ७ | | टेक प्रसाद बुढा | वडा अध्यक्ष | ५ नं. वडा कार्यालय |
| ८ | | विक्रम पुन मगर | वडा अध्यक्ष | ६ नं. वडा कार्यालय |
| ९ | | संगम रोका | वडा अध्यक्ष | ७ नं. वडा कार्यालय |
| १० | | दिनेश रोका | वडा अध्यक्ष | ८ नं. वडा कार्यालय |
| ११ | | विनोद बुढा | वडा अध्यक्ष | ९ नं. वडा कार्यालय |
| १२ | | सुनकुमारी रोका | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १३ | | भिमला वि.क. | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १४ | | फोमली बुढा | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १५ | | भारती नेपाली | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १६ | | भागिलाल दमाई | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १७ | | जीत बहादुर कामी | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १८ | | चन्द्रसिंह श्रेष्ठ | सचिव/ प्र.प्र.अ. | गाउँ कार्यपालिकाको कार्यालय |
| **अन्य** | | | | |
| | | सन्तोष घर्ति | सव-इन्जिनियर | भूमे गा.पा. कार्यालय |
| | | उपेन्द्र यादव | जे.स्वा.नि. | 〃 |
| | | कौशलकु. तिवारी | शिक्षा अधिकृत | 〃 |

भूमे गाउँपालिका, रुकुम (पूर्व)

बैठक सं. २/०७९-८० मिति २०७९।०५।१८ कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरुको संक्षिप्त व्यहोरा

**निर्णय नं. १:**

भूमे गाउँपालिका अन्तर्गतका वडा कार्यालय, विषयगत शाखा तथा सेवा केन्द्र/कार्यालयहरुबाट २०७९ साउन महिनाको सम्पादित सेवाहरुको प्रतिवेदन र हालसम्मको सेवा प्रवाह बारे समीक्षा गरियो। सेवा प्रवाहलाई अझ बढी प्रभावकारी बनाउन कार्यालयमा ल्याइएको अनलाईनमा आधारित राजस्व प्रणाली, सिफारिस प्रणाली, अभिलेख तथा प्रतिवेदन, अडियो भिडियो वडापत्र र गुनासो सुनुवाई संयन्त्रलाई प्रभावकारी बनाउनुका साथै एकीकृत घुम्ती सेवा समेत सञ्चालन गर्ने र वडा कार्यालयहरुमा अपुग मेसिनरी औजार तथा वैकल्पिक ऊर्जाको व्यवस्था गर्ने निर्णय गरियो ।

**निर्णय नं. २:**

गाउँ कार्यपालिकाको चालु आर्थिक वर्ष २०७९/०८० को बैंठक संख्या १ को निर्णय कार्यान्वयनको समीक्षा गर्दा सबै निर्णय कार्यान्वयन नभएको र निर्णय कार्यान्वयनको चरणमा भएकाले निर्णय कार्यान्वयनलाई प्रभावकारी बनाउन सबै पदाधिकारी, कर्मचारी तथा शाखा/कार्यालयहरुलाई थप जिम्मेवार गराउने निर्णय सर्वसम्मत रुपमा गरियो ।

**निर्णय नं. ३:**

गाउँपालिकामा कोल्ड स्टोर निर्माणका लागि न्यूनतम ३ रोपनी जग्गा र हाट बजारका लागि न्यूनतम २ रोपनी व्यवस्थापनका लागि आवश्यक समन्वय तथा पहल गरी एक महिनाभित्र कोल्ड स्टोर निर्माण स्थल सिफारिस गर्न देहाय बमोजिमको कार्यदल गठन गर्ने निर्णय सर्वसम्मत रुपमा गरियो।

तपसिल

| | |
|---|---|
| श्री नारायण पुन | संयोजक |
| श्री प्रशुराम बुढा | सदस्य |
| श्री विक्रम बुढा | सदस्य |
| श्री सन्तोष घर्ती | सदस्य सचिव |

**निर्णय नं. ४:**

भूमे गाउँपालिकाको स्वास्थ्य नीति, २०७९ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५:**

स्वास्थ्य संस्थाबाट प्रसूति गराउँदा आइपर्ने जटिल प्रकारका प्रसूतिहरुको आमा र बच्चाको जीवन सुरक्षाका लागि अन्यत्र सुविधा सम्पन्न स्वास्थ्य संस्थामा प्रेषणका लगि भूमे गाउँपालिकाको जटिल प्रसूति प्रेषण सम्बन्धी कार्यविधि, २०७९ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६:**

भूमे गाउँपालिकाको चालु आर्थिक वर्ष २०७९।०८० को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत स्वास्थ्यतर्फको कार्यक्रमहरु कार्यान्वयन गर्न तर्जुमा भएको कार्यक्रम कार्यान्वयन कार्यान्वयन निर्देशिका, २०७९ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय प्रमाणित गर्दछु।
हस्ताक्षर:
मिति: २०७९/०५/१८

भूमे गाउँपालिका, रुकुम (पूर्व)

बैठक सं. २/०७९-८० मिति २०७९।०५।१८ कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरुको संक्षिप्त व्यहोरा

**निर्णय नं. ७:**

विपद व्यवस्थापन कोष सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७४ मा देहाय बमोजिम संशोधन स्वीकृत गर्ने निर्णय गरियो । दफा २० मा देहाय बमोजिम संशोधन गर्ने,

"२०.१ अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि तत्काल राहत उपलब्ध गराउँदा देहाय अनुसारको भौतिक सम्पत्तिको क्षतिको वर्गीकरणको आधारमा आर्थिक सहायता राहत उपलब्ध गराइनेछः

| | |
|---|---|
| रु. ५० हजार सम्मको क्षतिका लागि | -रु. ३,०००।- |
| रु. ५० हजारभन्दा माथि १ लाख सम्मको क्षतिका लागि | - रु. ७,५००।- |
| रु. १ लाखभन्दा माथि ३ लाखसम्मको क्षतिका लागि | - रु. १०,५००।- |
| रु. ३ लाखभन्दामाथि ५ लाखसम्मको क्षतिका लागि | - रु. १२,५००।- |
| रु. ५ लाखभन्दामाथि १० लाखसम्मको क्षति भएमा | - रु. १५,०००।- |
| रु. १० लाखभन्दा माथि २५ लाखसम्मको क्षति भएमा | - रु. १७,५००।- |
| रु. २५ लाखभन्दा माथिको क्षति भएमा | - रु. २०००००।- |

२०.२ मानवीय क्षति, घाइतेको उपचारको हकमा समितिले निर्णय गरे बमोजिम हुनेछ ।

२०.३ माथि जुनसुकै कुरा लेखिएको भएता पनि कोषमा रकम नभएमा राहत उपलब्ध गराउन सकिने छैन।

**निर्णय नं. ८:**

अघिल्लो आर्थिक वर्षमा कार्य सम्पन्न भई कार्यालयबाट भुक्तानी हुने अन्तिम मितिमा निकासा नभई भुक्तानी हुन बाँकी तपसिल बमोजिमका आयोजना तथा कार्यक्रमहरुको भुक्तानी गर्ने निर्णय गरियो ।

तपसिल

| क्र. सं. | कार्यक्रम/आयोजनाको नाम | विनियोजित बजेट (रु.) | भुक्तानी हुनुपर्ने रकम (रु.) | कैफियत |
|---|---|---|---|---|
| १ | सूचना केन्द्रमा पुस्तक खरिद | १००००० | निकासा भए अनुसार | सामाजिक विकास डभिजन कार्यालयबाट निकासा बाँकी भई भू बाँकी |
| २ | खेल पूर्वाधार (कभर्ड हल) निर्माण | १०००००० | निकासा भए अनुसार | " " |
| ३ | गैरीगाउँ बुढागाउँ गहुँकम्द सडक मर्मत | ३५००० | ३५००० | गत वर्ष मर्मत भएको तर भुक्तानी नभएको |

**निर्णय नं. ९:**

भूमि तथा भूमिस्रोतको संरक्षण, समुचित उपयोग र प्रभावकारी व्यवस्थापनका लागि भूउपयोग ऐन, २०७६ तथा नियमावली २०७९ मा भएको व्यवस्था बमोजिमको स्थानीय भूउपयोग परिषद् र कार्यान्वयन समिति गठन गरी स्थानीय भूउपयोग सम्बन्धी मापदण्ड तथा कार्यान्वयन कार्ययोजना तयारका लागि श्री भूमि व्यवस्थापन तथा अभिलेख विभाग, नापी कार्यालय र सम्बन्धित निकायमा अनुरोध गरी पठाउने निर्णय सर्वसम्मत रुपमा गरियो ।



निर्णय प्रमाणित गर्दछु ।
हस्ताक्षरः
मितिः २०७९।०५।१८
पदः

भूमे गाउँपालिका, रुकुम (पूर्व)

बैठक सं. २/०७९-८० मिति २०७९।०५।१८ कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरुको संक्षिप्त व्यहोरा

**निर्णय नं. १०:**

भूमे गाउँपालिकाको चालु आर्थिक वर्ष २०७९/०८० को लागि प्राप्त तपसिल बमोजिमका कार्यक्रमहरुको क्रियाकलापहरु सहितको बजेट तथा कार्यक्रम स्वीकृत गरी शीघ्र कार्यान्वयन गर्ने निर्णय गरियो ।

(क) बहुक्षेत्रीय पोषण कार्यक्रम

(ख) युनिसेफ

सुरक्षित खानेपानी सुनिश्चितताका लागि देहायका टोल तथा विद्यालय, स्वास्थ्य संस्था छनौट गरी संलग्न बमोजिमको कार्यक्रम स्वीकृत गर्ने ।

| क्र.सं. | सुरक्षित खानेपानी सुनिश्चिताका लागि टोलको नाम | वडा नं. | कैफियत |
|---|---|---|---|
| १ | मर्फिबाङ | १ | |
| २ | घुरी डाङ्गबाङ | २ | |
| ३ | कुचिबाङ | ८ | मैबाङ कोठाबोट मुहान संरक्षण तथा मर्मत |
| ४ | लुकुम तल्लो टोल | १ | |
| ५ | गुनाम आग्रीबाङ | ७ | |
| स्वास्थ्य संस्थामा खानेपानी तथा सरसफाई संरचना निर्माण, मर्मत तथा स्तरोन्नति | | | |
| १ | आधारभूत स्वास्थ्य सेवा केन्द्र सेराबाङ | ५ | |
| २ | आधारभूत स्वास्थ्य सेवा केन्द्र लुकुम | १ | |
| ३ | आधारभूत स्वास्थ्य सेवा केन्द्र कोर्जा | ८ | |
| विद्यालयमा खानेपानी तथा सरसफाई संरचना निर्माण, मर्मत तथा स्तरोन्नति | | | |
| १ | सन्नी आधारभूत विद्यालय गलम्छिन्ने | ९ | |
| २ | आधारभूत विद्यालय डालिबाङ | ५ | |
| ३ | हिमालय आधारभूत विद्यालय, गाबाङ | २ | |
| ४ | बालज्योति आधारभूत विद्यालय, दहबाङ | २ | |
| ५ | माद्यामिक विद्यालय महत | ६ | |

(ग) विशेष अनुदान शिक्षा

विशेष अनुदान शिक्षातर्फको कार्यक्रमबाट देहाय बमोजिमको विद्यालय भवन पूर्वाधार निर्माणमा साझेदारी गर्ने

| क्र.सं. | विद्यालयको नाम | वडा नं. | साझेदारी विनियोजन रकम | कैफियत |
|---|---|---|---|---|
| १ | छेलोफाल्ने आधारभूत विद्यालय, गुनाम | ७ | २२०००००।- | |
| २ | टक्सार आधारभूत विद्यालय, झुम्लाबाङ | ३ | २२०००००।- | |
| ३ | जनजागृति माद्यामिक विद्यालय महतमा STEM ल्याब स्थापना | ६ | ६०००००।- | |



निर्णय प्रमाणित गर्दछु।
हस्ताक्षर:
मिति : २०७९।०५।१८
पद :

भूमे गाउँपालिका, रुकुम (पूर्व)

बैठक सं. २/०७९-८० मिति २०७९।०५।१८ कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरुको संक्षिप्त व्यहोरा

**निर्णय नं. ११:**

भूमे गाउँपालिकाको चालु आर्थिक वर्ष २०७९।०८० को स्वीकृत वार्षिक कार्यक्रमको साझेदारीमा आधारित आयोजना तथा अन्य सार्वजनिक निर्माण शीर्षकबाट जिल्ला प्रशासन कार्यालयको भवन मर्मत तथा स्तरोन्नतिका लागि प्राविधिक लागत अनुमान बमोजिम खर्च हुने गरी बजेट स्वीकृत गर्ने ।

**निर्णय नं. १२:**

भूमे गाउँपालिकाको नाममा रहेको ब्याक हो लोडर दूर्घटना भई मर्मत गर्नुपर्ने भएकाले यान्त्रिक कार्यालय दाङको निगरानीमा हुने गरी लागत अनुमान सीमाभित्र रही मर्मत कार्य तत्काल अगाडि बढाउने निर्णय गरियो।

**निर्णय नं. १३:**

भूमे गाउँपालिका वडा नं. २ मा रहेको काँक्री स्वास्थ्य चौकीको मापदण्ड बमोजिमको भवन नभएको र भवन अभावमा सेवा प्रवाहमा असर परेकाले मापदण्ड बमोजिमको भवन निर्माणका लागि योजना माग गरी पठाउने निर्णय सर्वसम्मतिले गरियो ।

**निर्णय नं. १४:**

चालु आर्थिक वर्षमा कार्यान्वयन हुने आयोजनाहरुका लागि तपसिल बमोजिमका सडक मर्मत तथा निर्माण गाउँपालिकाको सडक मर्मत सम्भार कोष र कन्टिन्जेन्सी कोषबाट खर्च गर्ने निर्णय गरियो:

तपसिल

| क्र. सं. | आयोजनाको नाम | लागत | कैफियत |
|---|---|---|---|
| १ | जुम्लिढुङ्गा डाँडागाउँ सिमचौर सडक (आवि डाँडागाउँ पहुँच) भूमे ९ | २००००० | |
| २ | आवि गुनाम पहुँच मार्ग भूमे ७ | १००००० | |
| ३ | बालुवा वाबाङखोला सडक निर्माण/मर्मत भूमे ५ | ५००००० | |

**निर्णय नं. १५:**

गाउँपालिकाभित्र रहेका ग्रामीण सडकहरुको तत्काल मर्मत गरी सडक यातायात सहज गराउन गाउँपालिकाको दायित्वमा भएका सडकहरु स्वीकृत वार्षिक कार्यक्रमको ग्रामीण सडक मर्मत, स्तरोन्नति तथा सडक विस्तार कार्यक्रम शीर्षकबाट मर्मत गर्ने र अन्य सडकको हकमा रुकुमकोट वर्डिङ खर्नेटा चुनबाङ गैरीगाउँ सडक, दुईखोली चुनबाङ महत सडक, सिमलबोट गोठीबाङ गर्पा सडक, खाबाङबगर महत सडक, खाबाङबगर क्याङ्सी झुम्लाबाङ सडक, बागतारे गुनाम मारिङ त्रिवेणी सडक, नाखे रुङ्मी तामारी सडक, दोमै कोर्जा सडक, काँडा मोराबाङ सडक, बालुवा, डालिबाङ दर्फ सेराबाङ सडक लगायतका सडकहरु सम्बन्धित निकायसँग समन्वय तथा साझेदारीमा सडक मर्मत गरी सबै सडकहरुमा सडक यातायातको सहज आवागमन सुनिश्चित हुने व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. १६:**

आयोजना व्यवस्थापनलाई प्रभावकारी बनाउन ५ लाख भन्दा माथिका सबै आयोजनाहरुको अनिवार्य ४ प्रतिशत कन्टिन्जेन्सी कट्टा गरी १ प्रतिशत प्रकोप व्यवस्थापन कोषमा जम्मा गर्ने व्यवस्था मिलाई कन्टिन्जेन्सी कोषबाट कम्तिमा ३० प्रतिशत रकम पूँजीगत (मर्मत सम्भार, सवारी, मेसिनरी औजार, आयोजना निर्माण) प्रकृतिको शीर्षकमा खर्च गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

निर्णय प्रमाणित गर्दछु।
हस्ताक्षर:
मिति: २०७९।०५।१९
पद:

भूमे गाउँपालिका
खावाङवगर रुकुम( पूर्व)
आ.व.२०७९/८० को बार्षिक कार्यक्रम
आयोजनाको नामः-बहुक्षेत्रीय पोषण योजना

| क.स. | क्रियाकलापहरु | एकाई | परिमाण | प्रति एकाई मुल्य | जम्मा | स्रोत |  | कार्यक्रम कार्यान्वयन अवधी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
|  |  |  |  |  |  | यूरोपियन यूनियन | स्थानिय |  |  |
| क | शासकीय प्रवन्ध क्षेत्र |  |  |  |  |  |  |  |  |
| १ | वैठक तथा पोषण स्वयंसेवक पारिश्रमिक | पटक | १३ | ३०५०० | ३९६५०० | २९२५०० | १०४००० | १,२,३ र ४ | स्थानिय तहबाट प्रति महिना ५००० |
| २ | गाउँपालिका स्तरिय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति वैठक | पटक | ३ | ८००० | २४००० | २४००० |  | १,२ र ४ |  |
| ३ | भ्रमण खर्च | N/A |  |  | ४०००० |  | ४०००० | १,२,३ र ४ | गा.पा. बाट |
| ४ | वडा स्तरिय पोषण तथा खाद्य सुरक्षा समिति गठन तथा वैठक | पटक | ९ | ७५०० | ६७५०० | ६७५०० |  | ३ |  |
| ५ | संचार खर्च | पटक | १२ | ५०० | ६००० | ६००० |  | १,२,३ र ४ |  |
| ६ | पोशाक भत्ता एकमुष्ट | पटक | १ | १०००० | १०००० | १०००० |  | ३ |  |
|  |  |  |  |  | ५४४००० | ४०००००.०० | १४४००० |  |  |
|  | (ख) महिला बालबालिका क्षेत्र |  |  |  |  |  |  |  |  |
| ७ | पोषण सुधारका लागि विपन्न महिला सहकारी तथा समुहमा आय आर्जनको लागि अनुदान | पटक | १ | ६२५००० | ६२५००० | ६२५००० |  | २ |  |
| जम्मा |  |  |  |  | ६२५००० | ६२५००० |  |  |  |
|  | (ग) स्वास्थ्य क्षेत्र |  |  |  |  |  |  |  |  |
| ८ | स्वास्थ्य क्षेत्रका कार्यक्रम संचालनका लागि | N/A |  |  | १५०००० | १५०००० |  | ३ |  |

| क्र.स. | क्रियाकलापहरु | एकाई | परिमाण | प्रति एकाई मुल्य | जम्मा | स्रोत | | कार्यक्रम कार्यान्वयन अवधी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | यूरोपियन यूनियन | स्थानिय | | |
| जम्मा | | | | | १५०००० | १५०००० | | | |
| (घ) कृषि क्षेत्र | | | | | | | | | |
| ९ | सुनौला हजार दिनका आमाहरुलाई तरकारी वीउ वितरण | N/A | | | १५००० | १५००० | | ३ | |
| जम्मा | | | | | १५००० | १५००० | | | |
| (ङ) पशु विकास क्षेत्र | | | | | | | | | |
| १० | निश्चित क्षेत्रमा वसोवास गर्ने सुनौला हजार दिनका आमाहरुको समूह गठन गरि कुखुरा वितरण कार्यक्रम | पटक | १ | १५०००० | १५०००० | १५०००० | | ३ | |
| जम्मा | | | | | १५०००० | १५०००० | | | |
| (च) शिक्षा क्षेत्र | | | | | | | | | |
| ११ | विद्यालयमा करेसाबारी प्रर्वद्धन कार्यक्रम (आ.वि सेराबाङ,आ.वि दुवाचौर, आ. वि. धर्मशाला) | पटक | ३ | २५००० | ७५००० | ७५००० | | २ | |
| जम्मा | | | | | ७५००० | ७५००० | | | |
| (छ) खानेपानी तथा सरसफाई क्षेत्र | | | | | | | | | |
| १२ | विद्यालयमा पानी सुद्धिकरण सम्बन्धी अभिमुखीकरण | पटक | ५ | १०००० | ५०००० | ५०००० | | २ | |
| जम्मा | | | | | ५०००० | ५०००० | | | |
| जम्मा | | | | | १७४४००० | १६००००० | १४४००० | | |